स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



अहिलेको समयका सर्वाधिक सफल जोडी दयाहाङ राई र मिरुना मगरको मुख्य भूमिका रहने फिल्म 'घरज्वाइँ'को छायांकन सुरु नहुँदै प्रदर्शन मिति घोषणा गरिएको छ । थिम पोस्टर सार्वजनिक गर्दै अर्को वर्षको असार २८ गतेलाई फिल्मको प्रदर्शन मिति निश्चित गरिएको हो । अनिल बुढा मगरको निर्देशनमा बन्न लागेको फिल्ममा दयाहाङ र मिरुनासँगै बुद्धि तामाङ, पुष्कर गुरुङ, शिशिर बाङ्देल, कविता आले, राज थापा, शिला आले, अनु थापा, बिना थापा मगर, खबपु पुनको पनि अभिनय रहनेछ ।

**आजको विचार...**



नायक...
(दुई पेजमा)

विनोद त्रिपाठी



सबिन कुमार तोलाङ्गीको डेब्यु निर्देशन रहने फिल्म राजमहल मा रमेश उप्रेती, सलोन बस्नेत र आँचल शर्माको मुख्य भूमिका रहनेछ । फिल्ममा मोडल सिम्रन पन्त र मिस पविले पनि यसै फिल्म बाट अभिनयमा डेब्यु गर्दैछन् । फिल्मको माघ पहिलो साता देखि अष्ट्रेलिया बाट छायांकन सुरु गर्दै न्युजिल्यान्डसम्म पुगेर केही सिन खिचिने छ । बाँकी सत्तरी प्रतिशत छायांकन नेपालमा गरिने छ । प्रेसमिटमा निर्देशक तोलाङ्गीले फिल्मको कथालाई न्याय गर्ने गरि आफुले निर्देशन गर्ने प्रतिबद्धता जनाए । नायिका शर्माले यो फिल्मको कथा अनुसार उत्कृष्टता प्रदर्शन गर्न आफु आतुर रहेको बताइन् ।

❒ वर्ष २९ ❒ अंक १४५ ❒ २०८० पुस ७ गते शनिबार 23 December 2023, Saturday ❒ पृष्ठ संख्या ४ मूल्य रू ५/-

## संक्षिप्त समाचार

### भूकम्पपीडितलाई राहत वितरण

**काठमाडौं,** पुस ६/ नेपाल मानव धर्म सेवा समितिले जाजरकोट र रुकुमका भूकम्पपीडितका लागि राहत सामग्री वितरण गरेको छ । जाजरकोट जिल्लाको भेरी नगरपालिका वडा नं १ र ३ का एक हजार आठ सय घरधुरीलाई र रुकुम जिल्लाको आठबिसकोट नगरपालिका वडा नं १ र २ का आठसय घरधुरीलाई हालै रु ६० लाख बराबरको राहत सामग्री वितरण गरिएको हो ।

तिहारमा देउसीभैलो खेलेर सङ्कलन गरिएको रकमका साथै समितिमा आबद्ध व्यक्तिबाट सङ्कलित रकमले राहत सामग्री वितरण गरिएकोउक्त समितिका राष्ट्रिय कार्यसमिति उपाध्यक्ष टेकबहादुर थापाले जानकारी दिए । भूकम्पपीडितका लागि जाडोबाट जोगिन कम्बल तथा चामल, तेल, दाल, चिउरालगायत पदार्थ वितरण गरिएको थियो । भूकम्पबाट पीडित दुई जिल्लामध्ये जाजरकोट भेरी नगरपालिका वडा नं १ र ३ मा धेरै मानिसको मृत्यु हुनाका साथै करोडौंको जनधनको क्षति भएकाले जाजरकोटलाई राहत वितरणको प्राथमिकतामा राखिएको सो समितिले जनायो । समितिका अनुसार नेपाल मानव धर्म सेवा समितिका संरक्षक विभूजी महाराजलगायत समितिका अन्य पदाधिकारी राहत वितरणमा सहभागी भएका हुन् । त्यस अवसरमा भेरी नगरपालिकाका प्रमुख चन्द्रप्रकाश घर्तीले उनीहरूको स्वागत गर्दै राहत सामग्री उपलब्ध गराएकामा आभार व्यक्त गरे ।-**रासस**

## पाल्पामा नयाँ सिडिओ

# जल्दोबल्दो समस्या समाधानमा इमान्दारिताका साथ काम गर्छु : प्रजिअ काफ्ले

**रामचन्द्र रायमाझी**

**पाल्पा,** पुस ६/नयाँ प्रमुख जिल्ला अधिकारीका रुपमा पाल्पा आएका आनन्द काफ्लेले पाल्पाको जल्दोबल्दो समस्या समाधानमा इमान्दारिताका साथ काम गर्ने बताएका छन् । गृहमन्त्रालयबाट सरुवा भई हालै प्रमुख जिल्ला अधिकारीको जिम्मेवारीमा आएका प्रजिअ काफ्लेले जिल्लाका पत्रकारहसँगको भेटघाटमा यहाँका समस्या समाधानका लागि आफु इमान्दारिताका साथ लाग्ने बताएका हुन् ।

उनले भने 'अहिले नै यस्तो गर्छु, उस्तो गर्छु भनेर म भन्दिन तर यहाँका हरेक समस्या समाधानमा इमान्दारिताका साथ लाग्छु ।' जिल्लामा शुसासन कायम गर्दै निति नियम र कानुनको परिधीमा रही सबैको समन्वयमा काम गर्ने उनले बताए । पत्रकारहरुले जिल्लाका जल्दाबल्दा समस्या समाधानमा तदारुकताका साथ लाग्न आग्रह गरे अनुसार प्रजिअ काफ्लेले सरकारी विकास निर्माणका




योजनादेखि शान्ति सुरक्षा, सुशासन, ट्राफिक व्यवस्थापन, खानीबाट उत्पन्न समस्या लगायतका समस्या समाधान गर्न दत्तचित्त र इमान्दार भएर लाग्ने बताएका हुन् । कुनै स्वार्थ राखेर काम नगर्ने पनि उनले बताए । प्रजिअ काफ्लेले भने,'स्वार्थ नहुँदा अधिकास समस्या समाधान हुन्छन्, सोही अनुसार म लाग्छु ।' उनले पत्रकारहरुले दिएका सुझाव कार्यान्वयन गर्न सबैको सहयोग आवश्यक रहेको समेत बताए । प्रजिअ काफ्लेले केही समय विश्वास गर्न पत्रकारहरुलाई आग्रह गर्दै छिट्टै सबैले अनुभूत गर्ने गरी काम गर्ने पनि बताए । उनले सिडिओलाई सहि तरिकाले उपयोग गर्न पत्रकारलाई आग्रह गरे । प्रजिअ काफ्लेले भने,'तपाईहरुले प्राप्त गरेका सूचनाहरु मलाई पठाउनु होस् , त्यसमा म कटिवद्ध भएर लाग्ने छु ।' उनले आफ्नो जिल्ला बसाई अस्थायी भएकाले रहँदासम्म इमान्दार, कर्तव्यनिष्ट भई शुसासनको क्षेत्रमा सक्रिय भएर लाग्ने पनि बताए । उनले सरकारको मुख्य प्राथमिकता नै सुशासन र विकास भएकाले कुनै प्रकारको बदमासी र अनियमित कार्य नगरी विकास र सुशासनमा समर्पित हुनुपर्ने आवश्यकता रहेको समेत औल्याए ।

कार्यक्रममा पत्रकारहरुले जिल्लामा टिपर अनियन्त्रित रुपमा सञ्चालन भएको, अत्याधिक ओभरलोड बोक्दा समेत प्रहरी मुखदर्शक भएको, सरकारी सवारी साधनहरुको दुरुपयोग बढेको, मालपोत कार्यालयमा सेवाग्राहीले अनावश्यक दुःख पाएको,जिल्लाका सरकारी कार्यालयहरु सूचनामैत्री नभएको,स्थानीय सरकारबाट सूचना लिन कठिन भएकाले सोही अनुसारको भूमिका निर्वाह गर्न प्रजिअ काफ्लेलाई आग्रह गरेका छन् ।

प्रभावकारी बजार अनुगमन नहुँदा व्यापारीहरुले अचाक्ली खाद्यन्नमा मूल्य वृद्धि गरेकाले त्यसतर्फ ध्यान दिन, स्वास्थ्य बिमा कार्यक्रम कार्यान्वयनका लागि सहजिकरण गरिदिन, खानीहरुमा धर्मकाटको व्यवस्था मिलाउन, ट्राफिक व्यवस्थापन गर्न, सवारी साधान चेकजाँचका क्रममा हुने अनियमिता रोक्न पनि प्रजिअ काफ्लेलाई पत्रकारहले सुझाव दिएका छन् ।

## टिपर दुर्घटना : एकको मृत्यु, दुई घाइते




**पाल्पा,** पुस ६/जिल्लाको रिब्दीकोट गाउँपालिका-२, लघुवामा टिपर दुर्घटना भएको छ । गुल्मीबाट पाल्पातर्फ आउँदै गरेको रा १ ख २४०४ नम्बरको टिपर बिहीबार राति दुर्घटना भएको हो ।

दुर्घटनामा परी एक जनाको मृत्यु भएको छ भने दुई जना घाइते भएको जिल्ला प्रहरी कार्यालय पाल्पाले जनाएको छ । मृत्यु हुनेमा रिब्दीकोट गाउँपालिका-३ का अन्दाजी ३० वर्षीय विष्णु ढकाल रहेका छन् । दुर्घटनामा गम्भीर घाइते भएका ढकाललाई उपचारका लागि तानसेन स्थित युनाइटेड मिसन अस्पताल पठाइएकोमा चिकित्सकले चेकजाँच गर्दा मृत घोषणा गरेको जिल्ला प्रहरी कार्यालयका प्रहरी नायव उपरीक्षक तथा सूचना अधिकारी सुगन्ध श्रेष्ठले जानकारी दिए । दुर्घटनामा घोराही उप महानगरपालिका-१२, दाङका ३२ वर्षीय यमराज पुन र रोल्पा त्रिवेणी गाउँपालिका-५, का ३५ वर्षीय हिमाल घर्ती घाइते भएका छन् ।

घाइते दुवैको अवस्था गम्भीर रहेको छ । उनीहरुको मिसन अस्पतालमा उपचार भइरहेको छ । दुर्घटनामा टिपर चालक घोराही उपमहानगरपालिका-१६, दाङका २६ वर्षीय अजय चौधरी सकुशल रहेको प्रहरीले जनाएको छ । टिपर अचानक आफैं ब्याक भई सडकबाट १ सय ५० मिटर तल खस्न पुगेको प्रहरीको प्रराम्भिक अनुसन्धान रहेको छ । टिपर चालक र टिपर प्रहरी नियन्त्रणमा रहेको र थप अनुसन्धान भइरहेको जनाइएको छ ।

## रामपुरमा शैक्षिक सामग्री प्रदर्शनी मेला

**पाल्पा,** पुस ६/जिल्लाको रामपुरमा शैक्षिक सामग्री प्रदर्शन गरिएको छ । शुक्रबार रामपुर नगरपालिकाको आयोजनामा प्राथमिक तह स्तरीय शैक्षिक सामग्री प्रदर्शनी मेला गरिएको हो । मेलामा नगरपालिका भित्रका प्राथमिक तहमा सञ्चालित ३० विद्यालय मध्ये २८ वटा प्राथमिक विद्यालयको सहभागिता रहेको थियो ।

विद्यालयमा कक्षा शिक्षणको क्रममा प्रयोग गरिने शैक्षिक सामग्री, रहन सहन र संस्कृति अनुसारका सामग्री, दैनिक जीवनयापनमा प्रयोग गरिने मौलिक सामग्रीहरु प्रदर्शनीमा राखिएको थियो ।

विद्यालयमा कस्ता-कस्ता शैक्षिक सामग्रीहरु प्रयोग गरिरहेका छन् र के -के सामग्री कसरी प्रयोग गर्ने भन्ने विषयमा जानकारी लिन र दिनका लागि शैक्षिक सामग्री प्रदर्शनी गरिएको नगरपालिकाका कार्यवहाक नगर प्रमुख तथा उपप्रमुख बाल कुमारी थापाले



बताईन् । कार्यक्रमले कक्षा शिक्षणलाई प्रभावकारी बनाउनका लागि शैक्षिक सामग्रीको प्रयोग, यसको उपयोगिता र महत्व बुझाउन महत्वपूर्ण भुमिका खेल्नेमा उनले विश्वास व्यक्त गरिन । शिक्षकहरुलाई शैक्षिक सामग्री तयार पार्न सिकाउन र अनुभव आदान-प्रदानका लागि पहिलो प्रयासको रुपमा प्रदर्शनी मेलाको आयोजना गरिएको नगरपालिकाका शिक्षा शाखा अधिकृत विकल कार्लेले बताए । साथै पहिलो प्रयासको रुपमा प्राथमिक तहमा शिक्षण गराउने शिक्षकहरुले बनाएको शैक्षिक सामग्री प्रदर्शन गरिएको र उत्कृष्ट विद्यालयलाई पुरस्कृत गरिएको उनको भनाई छ ।

प्रदर्शनीमा विरेन्द्र प्राथमिक विद्यालय रामपुर-८ प्रथम , ज्ञानमञ्जरी प्राथमिक विद्यालय रामपुर -१ द्धितिय र शान्ती प्राथमिक विद्यालय रामपुर -१ तृतिय भएका छन् । उत्कृष्ट शैक्षिक सामग्री निर्माण गरी प्रथम , द्धितिय र तृतिय हुने विद्यालयले क्रमश नगद १० हजार, ७ हजार ५ सय र ५ हजार रुपैयाँ सहित प्रमाण पत्र प्राप्त गरेका छन् । रामतुलसी माध्यमिक विद्यालय रामपुर -५ बेझाँडमा भएको प्रदशर्नीमा कक्षा शिक्षणमा प्रयोग गरिने विभिन्न हस्तकलाका सामग्रीहरु राखिएको थियो ।

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नव जनचेतना
NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

# सम्पादकीय

## चिसोमा स्वास्थ्य ख्याल गरौं

देशभर चिसो बढेको छ । पुसको पहिलो हप्ता सकिसक्दा देशभर मौसम चिसिँदै गएको छ । अझ बढी तराई क्षेत्रमा चियो बढेको छ । पहाडी र हिमाली क्षेत्रमा पारो ओर्लने क्रम जारी छ । देशको भौगोलिक उचाइ र होचाइका आधारमा चिसोको मात्रा कमबेसी हुनु स्वाभाविक हो । यस आधारमा गर्मी महिनामा समेत चिसो हुने हिमाली क्षेत्रमा अहिलेकै तापक्रम पनि धेरै चिसो भइसकेको छ ।

चिसो मौसममा स्वास्थ्यको विशेष ख्याल राख्नुपर्छ । भनिन्छ, चिसोको हिसाबले पुस महिना फासफुस र माघ महिना बाघ हो, तर पुस महिनाको दोस्रो हप्ता नहुँदै चिसोले सयौं बिरामी पारिसकेका छन् भने केहीको मृत्यु समेत भइसकेका समाचारहरु आइरहेका छन् । माघमा झन् कस्तो हुने हो ? भन्ने आशंका सिर्जना भएको छ । चिसोले शारीरिक कमजोरी भएका वृद्धवृद्धा, सडक बालबालिका, विस्थापित परिवार, घरवार विहीन परिवार, सडक मजदुरहरू बढी प्रभावित हुने गरेका छन् । चिकित्सकले अधिक चिसोबाट स्ट्रोकदेखि ज्वरो, श्वासप्रश्वास, घाँटीको समस्याले सताउने भएकाले जाडोमा शरीरलाई न्यानो राख्न आग्रह गर्दै आएका छन् । जाडोमा खासगरी हातखुट्टा, अनुहार, छाला फुट्ने, फुस्रो हुने हुन्छ । यसबाट बच्न कोल्ड क्रिमको प्रयोग गर्न सकिन्छ । जाडो मौसम सुक्खा हुने भएकाले बाहिर धुलो उड्ने र जीवाणुको प्रसारण पनि छिटो हुन्छ । यस्तो अवस्थामा खानपान र रहनसहनमा समेत उत्तिकै ध्यान दिनुपर्ने हुन्छ । झोलपदार्थ खानेकुराका साथै हरियो सागपात खाँदा चिसोमा रोगले आक्रमण गर्ने सम्भावना कम हुने भएकाले यसतर्फ सबैले ध्यान दिनुपर्दछ । चिसोबाट बच्न न्यानो कपडा लगाउनुपर्छ । घाम ताप्दा पनि धेरै रोगबाट बच्न सकिन्छ । चिसो मौसममा फ्रिजमा राखेका खानेकुरा खान हुँदैन । यो समयमा रुघाखोकी, निमोनिया जस्ता समस्या देखापर्न सक्छ । जाडोमा सकेसम्म तातो कुरा खाने, सुप पिउने गर्नुपर्छ । यसले शरीरको तापक्रम सन्तुलनमा राख्छ । चिसो मौसममा तुलसी, अदुवा र महको प्रयोगले रुघाखोकी नियन्त्रणमा सघाउँछ । यस्तै सुप, दाल, खिचडी र रेसादार साग–सब्जी पर्याप्त मात्रामा खाएमा चिसोबाट हुने रोगबाट बच्न सकिन्छ । चिकित्सकहरूका अनुसार यो चिसो मौसम मानव स्वास्थ्यका लागि अत्यन्त संवेदनशील हुने भएकाले विशेष सावधानी नअपनाए अनेक थरी स्वास्थ्य समस्या आइपर्छन् । चिसोकै कारण मुलुकका विभिन्न क्षेत्रमा मानिसको ज्यानै गएको खबर पनि आउन थालेका छन् । तसर्थ चिसोबाट बच्न घरभित्र बस्दा र बाहिर निस्कँदा विशेष ख्याल गर्न जरुरी छ ।

## Opinion @ Social Network

सम्बन्ध मनले जोड्छ, मुखको बोलीले होईन ! केही मान्छे धेरै गफ गरेर पनि आफ्ना हुँदैनन् कोही मौन रहेर पनि आफ्नो बनिदिन्छन् ।


(पवित्रा मरानीको फेसबुक स्टाटसबाट www.facebook.com/Pabitra Marasini)

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# नायक खोज्दाखोज्दै बितेको पौने शताब्दी



विनोद त्रिपाठी

*चुनाव जित्न नसकेकाहरूको जमघटको थलोका रूपमा पनि राष्ट्रिय सभा बदलिने खतरा देखा परेको छ । यसअघिको छोटो अनुभवमा पनि प्रतिनिधिसभामा चुनाव हारेका तर घुमाउरो बाटोबाट संसद्मा प्रवेश गरेका उदाहरण छन् । कुनै वेला प्रतिनिधिसभामा चुनाव हारे पनि राष्ट्रिय सभामा जाने र संविधान संशोधनका माध्यमबाटै भए पनि प्रधानमन्त्री हुने दाउ प्रदर्शन नभएको हैन । त्यतिवेला तर्क गरियो कि राष्ट्रिय सभाको सदस्य संघीय संसद्को सदस्य हो भने प्रधानमन्त्री हुन किन नहुने ? मन्त्री हुन चाहिं नरोक्ने ? छिमेकी मुलुक भारतमा प्रधानमन्त्री हुन नरोक्ने नेपालमा रोक्नुपर्ने कारण के हो ? भन्ने तर्क पनि जबर्जस्त आएको थियो । यी र यस्तै तर्कहरूले राष्ट्रिय सभाको गरिमा घट्न पुगेको छ । राष्ट्रिय सभा प्रतिनिधिसभाको छायाँ सभाका रूपमा यसलाई विकास गराउने काम यो अवधिमा भयो । संविधान निर्माणका बखत यस्तो खतरालाई पूर्वानुमान गरी अलग काम र कर्तव्य निर्वाह गर्ने गरी राष्ट्रिय सभाको व्यवस्था गरौं । यसका लागि बरु उपराष्ट्रपतिले अध्यक्षता गर्नेसम्मको व्यवस्था पनि गरौं भन्ने तर्क गरिएको थियो ।*

२०७६ मङ्सिर २६ गते रवि लामिछानेले 'द लिडर' कार्यक्रममार्फत नेता खोज्ने अभियान थाले । यो कार्यक्रममा पूर्वप्रधानमन्त्री बाबुराम भट्टराई, राप्रपा वरिष्ठ नेता रवीन्द्र मिश्र, पूर्वप्रधानन्यायाधीश सुशीला कार्की पनि जोडिएका थिए । देशभरबाट एउटा योग्य नेता छान्ने आयोजकले बताएको थियो । पछि यो कार्यक्रम रद्द भयो र रवि लामिछाने आफैं राजनीतिक नेताका रूपमा मैदानमा आए । अन्ततः अहिले लामिछाने स्वयं चौथो नम्बरमा स्थापित राष्ट्रिय दलको सभापति बनेका छन् । हाल संसद्मा भएका ठुला दलहरू कुनै न कुनै क्रान्तिमार्फत उदय भएका थिए । तर, बिनाक्रान्ति सामान्य अभियानमार्फत राजनीति शक्ति प्राप्त गर्ने उदाहरण बन्यो रास्वपा । नेपालका हालका पुराना दलहरूको जन्मकुण्डली यो शताब्दीको सुरुवातदेखि नै छ । नेपाली कांग्रेस र कम्युनिस्ट पार्टीको जन्म एउटै कालखण्डमा भएको थियो । आ–आफ्ना व्याख्यात्मक समाजवादका ठेली बोकेर २००० सालको पूर्वार्द्धमा उदय भएका काँग्रेस कम्युनिस्ट र यही शताब्दीको उत्तरार्द्धतिर झुल्किएका रास्वपा, जनमतजस्ता नयाँ दलहरूबिचमा निरन्तर एउटा नायकको खोजी कार्य जारी छ ।

बीपी कोइरालादेखि प्रचण्डसम्म, पुष्पलालदेखि रवि लामिछानेसम्मको अवधिमा नेपालले कुन युग भोग्यो ? के यो शताब्दी नायक खोज्दाखोज्दै नेपालले समय खेर फाल्दै हो ? कि शताब्दीको अन्त्यतिरसम्म नायकबिनै यही नयाँ पुराना समूहबाट नेपालले समृद्धि प्राप्त गरिसक्छ ? कि नेता मात्र फेला पार्‍यौं, नायक अझै पाउन सकेनौं ? आउनुस्, यो शताब्दीको सुरुदेखि हालसम्म हामीले मुलुक निर्माणका नायक वा खलनायक के खोजी रहेछौं, संक्षिप्त चर्चा गरौं । सन् १९४२ मा पार्टीको अध्यक्ष भएको नाताले चिनियाँ कम्युनिस्ट पार्टीका नेता माओले जनसम्मेलनमा भनेका थिए, 'हामी समूहमा क्रान्ति गर्छौं, समूहबाट बस्ती बनाउँछौं र समूहमै अग्रगामी पाइला चाल्नेछौं । यही नै साम्यवादको मूल मन्त्र हो ।' उनले सुरुवात गरेको समूहको सर्वोच्चताले अन्ततः एउटा नायक मात्र चुन्यो, त्यो स्वयं माओ नै थिए । विश्व इतिहासलाई हेर्‍यो भने राजनीतिले जति सामूहिकतालाई प्राथमिकता दिएको छ, त्यति नै व्यक्तिकेन्द्रित प्रवृत्ति जन्माएको पनि छ र परिणामतः एकजनालाई नायक तयार गरिदिएको छ । नेपालको सन्दर्भमा हेर्‍यो भने पनि त्यही लागु हुन्छ । जनयुद्धको आँधीबेरीले धेरैलाई बढार्‍यो, परिणामतः प्रचण्डलाई नेतामा स्थापित गरिदियो । २००३ सालमा राणाविरुद्धको आन्दोलनमा धेरैले त्याग गरे, पछि बीपीलाई सत्तामा लगिदियो । राणाविरुद्धकै आन्दोलनमा धेरैले जीवन व्यतीत गरेका थिए । तर, इतिहासले कम्युनिस्ट पार्टीको नायकमा पुष्पलाललाई शिरमा राखेको छ । अर्थात् नेपालमा नेताहरूको उदय भयो तर त्यो नायक तयार भएन, जसले मुलुक निर्माणको सही बाटोमा अगुवाको काम गरोस् । जनताले अझै पनि गर्ने प्रश्न हो, अझै नायक किन फेला परेन ? हुन त, दलहरूले आ–आफ्ना दाबी पेस गर्दै आफ्नो शासनकाल उत्कृष्ट भएको स्वघोषणा गर्छन् । एमालेको नौमहिने शासनकालप्रति स्वयं एमाले गर्व गर्दै आएको छ । एमाले तत्कालीन प्रधानमन्त्री मनमोहन अधिकारीलाई नायक मान्दै आएको छ ।

उता नेपाली काँग्रेस पनि २०१५ देखि २०१७ सम्मको उदाहरण पेस गर्छ । बीपी यो बेला प्रधानमन्त्री थिए । यता युद्धबाट संसदीय राजनीतिमा अड्डा जमाएको माओवादी पनि गौरवपूर्ण योगदानकै बखान गर्दै आएको छ । के साँच्चीकै यो शताब्दीको ८० वर्ष विभिन्न उतारचढावका बिचमै नेपाल गतिविहीन अवस्थामा गुज्रिएको हो ? यो सवाल वर्तमानमा झन् पेचिलो बनिरहेको छ । नायक कसलाई मान्ने ? चर्चामा आएका तर काम केही नगरेकालाई नायक मान्ने कि ! इतिहासमा कैयौं यस्ता पात्र छन्, योगदानका आधारमा होइन, मन पराइएकाले चर्चा गरिएका व्यक्ति छन् । नेपाली कांग्रेसको १२औं महाधिवेशनमा सुशील कोइरालालाई सभापति स्वीकार गर्न सक्दिनँ भनेर बौद्धिक तथा इमानदार छवि बनाएका भीमबहादुर तामाङले सुशीलकै समूहबाट विद्रोही उम्मेदवार दिएका थिए ।

२०५८ सालको भदौमा नेपाली काँग्रेसको केन्द्रीय समिति बैठकमा भीमबहादुरले भनेका थिए, 'हाम्रो पार्टीमा व्यक्तिवाद हाबी भएकै कारण आज पार्टी विभाजन भएको हो, सबैलाई नायक हुन परेको छ ! ' उनका यी अभिव्यक्ति सभापति गिरिजाप्रसाद कोइरालाले रुचाएनन् र पार्टीका विभिन्न जिम्मेवारीमा भीमबहादुरलाई कहिल्यै अवसर दिएनन् । त्यतिबेला गिरिजाको नेतृत्व नेपाली काँग्रेस र शेरबहादुर देउवाको कांग्रेस प्रजातान्त्रिक अलग–अलग पार्टी थिए । भीमबहादुरले दुवै पार्टी एकीकरण गर्नुपर्ने र आफैंले आफैंलाई स्वघोषित हिरो घोषणा गर्ने काम बन्द गर्न गिरिजा र देउवालाई भनेका थिए । अर्थात्, व्यक्तिवादका यी नमुना हाम्रो राजनीतिले विगतमा धेरै बेहोरिसकेको छ । सबै व्यक्ति सधैं चर्चामा रहन सक्दैनन् । भीमसेन थापाको पालादेखि हालसम्म सरकार प्रमुखमा ४० जनाभन्दा बढी पदासीन भइसकेका छन् । हाल प्रचण्ड ४४औं प्रधानमन्त्री पदमा बसिरहँदा विगतमा को–को प्रधानमन्त्री थिए भन्ने बारेमा वर्तमान पुस्ताले सम्झन सक्दैन । एकाध जीवित पूर्वप्रधानमन्त्रीको नाम कण्ठ हुन सक्छ तर आफ्नै पालामा कुन प्रधानमन्त्री थियो भन्ने बारेमा वर्तमानका ज्युँदा वृद्ध पुस्ताका नेपालीलाई पनि सम्झना छैन । उदाहरणका लागि नगेन्द्रप्रसाद रिजाल पनि एकताका नेपालका प्रधानमन्त्री थिए भन्ने ऊबेलाको तन्नेरी हाल वृद्धावस्थामा भएका नागरिकलाई खासै भेउ छैन । यी रिजाल २०३० देखि ०३२ सालसम्म दुई वर्ष नेपालको प्रधानमन्त्री भएका थिए । पञ्चायतकालमा र ०४६ सालमा बहुदल आएपछि पनि दोहोरिएर प्रधानमन्त्री भएका व्यक्तिलाई भने हतपत कसैले भुल्न सक्दैनन् । यीमध्ये सर्वाधिक प्रधानमन्त्री पदमा बस्ने व्यक्ति हुन्, सूर्यबहादुर थापा । यी २०२१ देखि ०२३ सम्म मन्त्रिपरिषद्को अध्यक्ष, ०२३ देखि ०२५, ०३६ देखि ०४०, बहुदल आएपछि ०५४ र ०६० सालमा प्रधानमन्त्री बनेका थिए । पञ्चायत र बहुदल दुवै शासनकालमा प्रधानमन्त्री भएका अर्का व्यक्ति हुन्, लोकेन्द्रबहादुर चन्द । तर, योगदानका आधारमा हालसम्मका सरकार प्रमुखहरू सम्झना लायक कोही व्यक्ति हुन सकेका छैनन् ।

नायक हुने सुअवसर शक्तिमा पुग्नु वा नपुग्नुले निर्धारण गर्न सक्दैन । धेरै राज्यहरूलाई एकीकरण गरेका कारण पृथ्वीनारायण शाहलाई नायक मान्ने वर्तमानमा ठुलो तप्का छ । एउटा समूह बीपीलाई नायक मान्छ भने अर्को समूह छ तिनै बीपीलाई अपदस्थ गर्ने महेन्द्र शाहलाई पनि नायकै मान्छन् । जंगबहादुर कुँवरले राणाशासन सुरु गर्नुपूर्व एकजना दरबारकै ब्राह्मणलाई सरकार प्रमुखको जिम्मेवारीमा पुर्‍याएको थियो । उनी हुन्, पण्डित रङ्गनाथ पौड्याल । उनले नेपालको प्रधानमन्त्री (मुख्तियार) बनेर वि.सं १८५४ देखि ०५५ सम्म शासन गरेका थिए । तर, त्यतिबेला सबै खटनपटन दरबारबाटै हुन्थ्यो । त्यही बेलाका रणजद्र पाण्डेलाई पनि दरबारले दुईपटक सरकार सञ्चालनको जिम्मेवार तोकेको थियो । पछि १०४ वर्षसम्मको राणाशासन सुरु भयो । यो शासनकालका जन्मदाता जंगबहादुर कुँवर थिए । यो कार्यकाललाई स्वर्णिम युग मान्ने तप्का अझै पनि राजनीति वृत्तमा छ । इतिहासमा केही त्यस्ता व्यक्तित्व पनि छन्, जसले सत्ताबिनै चर्चा बटुले । राज्यशक्तिको पदमा नपुगेरै केही दशकसम्म चर्चा पाइरहने व्यक्ति मदन भण्डारी र गणेशमान सिंह हुन् । यहाँ नायक भन्ने बित्तिकै यो आलेखमा राजनीति र सत्ता वरपरका व्यक्तिका बारेमा चर्चा गरिएको हो । अन्य विविध विधामा इतिहासका हरेक कालखण्डमा ठुला योगदान दिएका नायक सधैं नागरिकका मनमा जीवित छन् नै । सत्ता र शक्ति पाएपछि नायक बनिन्छ भन्ने वर्तमान पुस्ताले बोकेको भ्रम तोड्न यो आलेखले संकेत गर्न खोजेको मात्र हो ।

२०६७ देखि ०६९ सम्म प्रधानमन्त्री भएका बाबुराम भट्टराईले कोरेको नयाँ नेपालको खाकाप्रति धेरै नेपालीमा उत्साह पैदा गरेको थियो । उनले उपत्यकाका केही सडक फराकिलो बनाउँदै गर्दा युवा जगत्मा आशा जगाएको थियो । तर, यो निरन्तरता बिचमै टुट्यो र स्वयं बाबुराम चौबाटोको राजनीतिमा अल्झिए । हुन त, राष्ट्रिय स्वाभिमानको परिभाषालाई लिएर पञ्चायतकालका अन्तिम प्रधानमन्त्री मरिचमानसिंह श्रेष्ठलाई पनि कैयौंले नायक नै मान्छन् । भारतले लगाएको नाकाबन्दीमा तेस्रो मुलुकबाट उनले नुन ल्याएर नेपालीलाई खुवाएका थिए । वर्तमान पुस्ता 'पपुलिजम'मा रमाइरहेको छ । चर्चा बटुल्न कुनै पात्रले गरेका कार्यका आधारमा नायक घोषणा गर्ने विकृति बढेको छ । कार्ल मार्क्सले सन् १८५० तिर तयार गरेको अर्थशास्त्र र समाजवादको समाजशास्त्रको अवधारणाले सिङ्गो विश्वमा एक शताब्दीभर शासन गरेको थियो । तर, स्वयं मार्क्स सत्तामा पुगेनन् । वर्तमान पुस्ताले पनि अझै उनलाई पढिरहेको छ र अझै कैयौं वर्ष पढ्नेछ । आजभन्दा २६०० वर्षअघिका सिद्धार्थ गौतम पनि शासक बनेनन् । राजाका छोरा भएर पनि दरबार छोडेर भागेका उनको योगदान बुद्ध दर्शनको रूपमा अझै जीवित छ । त्यसैले नायक हुन सत्ता र शक्तिको आवश्यकता पर्दैन । भौतिकवादमा सत्ता प्रधान हुन्छ । तर युगयुगसम्म जीवित रहनका लागि एउटै योगदान काफी हुन्छ । इतिहासमा पूजनीय व्यक्तिका उदाहरण यिनैले तयार गरेका छन् । हामी वर्तमानमा २१औं शताब्दीको सम्मुखमा छौं । विक्रमलाई हेर्‍यो भने पनि अबको २० वर्षपछि २१ औं शताब्दी सुरु हुनेछ । तर, २०औं शताब्दीको यो पौने अवधि हाम्रा लागि पपुलिजमको कालखण्ड मात्र बन्यो । कुनै नायक अहिलेसम्म तयार हुन सकेन । के अब बाँकी २० वर्षमा नेपालले साँच्चीकै एक भव्य नायक प्राप्त गर्ला ?

**-रातोपाटी डटकम**

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१–५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१–५४१२३३
भैरहवा ०७१–५२०१९९
अर्घाखाँची ०७७–५२११९९
गुल्मी ०७९–५२०१९९
परासी ०७८–५२०१९९
तौलिहवा ०७६–५६००९९
पाल्पा ०७५–५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५–६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१–५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१–५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१–५२०१९३
मिसनअस्पताल पाल्पा ०७५–५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५–५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५–५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५–४११२०१
पिचन्द्र परासी ०७८–५२०१८८
भैरहवा आँखा अस्पताल ०७१–५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७–५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९–५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६–५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१–५४४५०
बुटवल हस्पितल ०७१–५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१–५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपुर डेण्टल हस्पिटल ०७१–५४७८४०
आँखा अस्पताल पाल्पा:०७५–५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५–४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१–५४४६००
लियो क्लब अफ बुटवल ०७१–५४५८९३
रेडक्रस भैरहवा०७१–५२०२६३
रेयुकाई भैरहवा ०७१–५२६६७३,९८४७०२२४६४
परासी ०७८–५२०१२५
रेडक्रस पाल्पा ०७५–५२०६००
रेडक्रस तौलिहवा ०७६–५६००१५
रेडक्रस अर्घाखाँची ०७७–४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९–५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१–५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१–५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६–६९०१०२
रेडक्रस देवदह ०७१–५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५–५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यु एकता क्लव तानसेन : ०७५–५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : दिनको उत्तरार्द्ध सुखद् रहनेछ । शुभकार्यको चर्चा चल्नेछ । | **तुला** : नयाँ कामको थालनी हुनेछ । अचल सम्पत्ति हात पर्ला । |
| **वृष** : नजिकको व्यक्तिबाट धोका हुनेछ । मन खिन्न हुने स्थिति आउनसक्छ । | **वृश्चिक** : मित्रताको बन्धन कसिने बेलाछ । वैदेशिक कार्य अघि बढ्नेछ । |
| **मिथुन** : शुभकार्यको चर्चा चल्नेछ । आँटेको र ताकेको कार्य पुरा होला । | **धनु** : सही निर्णय लिन सकिनेछ । दाम्पत्य सुखले प्रफुल्लित भइनेछ । |
| **कर्कट** : महिलाबाट विशेष सहयोग मिल्नेछ । वैदेशिक कार्य अघि बढ्नेछ । | **मकर** : अधिकार प्राप्तिका लागि संघर्ष गर्नु पर्ला । अवसर गुम्न सक्नेछ । |
| **सिंह** : आम्दानी प्रशस्तै बढ्नेछ । अनुहार मा कान्ति र मनमा शान्ति छाउनेछ । | **कुम्भ** : ज्ञान सिक्ने मौका मिल्नेछ । मित्रबाट विशेष सहयोग पाईनेछ । |
| **कन्या** : सामान्य नै रहनेछ । अभिभावकको साथमा काम गर्दा राम्रो हुँनेछ । | **मीन** : प्रतिस्पर्धामा उर्तीण हुन सकिनेछ । कार्यमा सहजता पनि मिल्नेछ । |

# साहित्य दर्पण

व्यक्तित्व/कृतित्व ● ● विमला जोशी प्रधान

## बहुप्रतिभाको धनी : युद्धवीर राणा

जबसम्म शरीरमा प्राण रहन्छ, निरन्तर हिडिरहनु नै जीवन हो । जीवनलाई कहिले रहरले हिडह्राउँछ, कहिले करले । कहिले हाँसोको फोहोरामा त कहिले, आँशुको धारामा, मृत्यु पर्यन्त यसरी अनिवार्य रूपमा सत्यसित मान्छे हिँडह्नेको हुन्छ । गन्तव्य कहाँ छ यही अनिश्चितता नै मान्छेको बँचाईका वास्तविक बँचाईहरू हुन् । नेपाली भाषा साहित्य जगतका लियोनार्डो-डा-भिन्सि मानि लिएका डिगबोइ आसामका बासिन्दा युद्धवीर राणा एकजना बहुआयमिक व्यक्तित्व हुनुहुन्छ । उनी जाँगरिला एंवम उर्वरशील साहित्य, संगीत, कला जगतको एक चम्किला नक्षत्र हुन् । उनले जीवनका लम्पसार बाँझो बारीहरू खनखान गरेर समाधानका बिरुवा लगाएर सुनको बालामा कला नामको खेती लगाएरका एक पौरखी पुरूश हुन् उनी ।

यस्ता पौरखी पुरूषको जन्म सन् १९४१ को १७ नोभेम्बरमा पिता स्व० लालसिंह राणा अनि माता स्व० वाणी राणाको कोखबाट जन्म ग्रहण गरेका हुन् । उनीले सन् १६५० देखि डिगबोइ स्थित नेपाली माध्यमको नेपाली एम. ई. पाठशालामा प्राथमिक शिक्षा आर्जन गर्दै सन् १६६१ सालमा डिगबोइबाट उच्च शिक्षा हासिल गरेका हुन् । सन् १६६२ देखि उनी नेपाली माध्यमको पूर्वान्चल विद्यालयमा शिक्षक पेशामा लागे । सोही विद्यालयमा सुदीर्थ उनचालिस बर्ष शिक्षा दान गरेर २००२ मा सेवा निवृत भए । अल्पसंख्यक नेपाली भाषीहरू भएको स्थानमा नेपाली भाषा साहित्यको उध्यापन गर्नु लरतरो काम होइन तर युद्धवीर राणाले उक्त काममा तनमन लगाई आफूलाई नेपाली भाषा, साहित्य, कला, संगीतको विकाश पथमा समर्पित गरि विभिन्न विधामा कलम चलाएर, कलाको उध्यानमा मलजल गरि साहित्यिक माली बन्नु सक्नु भयो । युद्धवीर राणाले १६६५ सालदेखि नै साहित्यमा प्रवेश गरेका हुन् । उनका कथा कविता र नाटकहरू - युगरेखा, उषा, हाम्रो ध्वनि, ज्वाला, रत्नश्री इत्यादि उनका कृतिहरू हुन् । यी बाहेक धेरै पत्र-पत्रिकामा उनका सृजनाहरू प्रकाशित भएका छन् । 'चिहान नपाएका तकमाहरू' (लामो कविता)-ले राणालाई एकजना कविको रूपमा प्रतिष्ठित गराएका छन् । सन् १६७६ देखि असममा शुरू भएको 'विदेशी नागरीक हटाऔं' आन्दोलनले असममा युगौंदेखि बसोबासो गर्दै आएका रैथने नेपालीहरूको घडह्ेरी हल्लियो । उनीहरूको अनुहारमा पीडह्रा र त्रासको भाव छर्लङ देखियो । यसरी आफ्नो परिवारहरूको दयनीय स्थिति देखेर राणाको कविसत्ता जाग्यो अनि उनले कलमको हतियार उठाए । राणाले आफ्नो कृति 'चिहान नपाएका तक्माहरू' नामक कृति तयार गरे । यहाँ जस्ताको त्यस्तै राखेको छु - पृष्ठ ८ 'हामीले मान थपाई अपमान पायौं
ज्यान लडह्राई बदनाम पायौं
जित्दा जित्दै हार खायौं मार खायौं
हाम्रो आत्म बलिदानको
ठूलो उपहार पायौं ।'

प्रस्तुत कविताका हरफरहरूमा वैयक्तिक अनुभूतिका प्रवाहमा ओतप्रोत छन् । भावनाको उच्छाल कहिले अडकुशका मुद्रीबाट केही कण त छुटिन्छ नै । फुस्कोस वा बाँधियोस - कवि आफ्नो लेखनमा मुक्त छन् ।

> *सन् १६६२ देखि उनी नेपाली माध्यमको पूर्वान्चल विद्यालयमा शिक्षक पेशामा लागे । सोही विद्यालयमा सुदीर्थ उनचालिस बर्ष शिक्षा दान गरेर २००२ मा सेवा निवृत भए । अल्पसंख्यक नेपाली भाषीहरू भएको स्थानमा नेपाली भाषा साहित्यको उध्यापन गर्नु लरतरो काम होइन तर युद्धवीर राणाले उक्त काममा तनमन लगाई आफूलाई नेपाली भाषा, साहित्य, कला, संगीतको विकाश पथमा समर्पित गरि विभिन्न विधामा कलम चलाएर, कलाको उध्यानमा मलजल गरि साहित्यिक माली बन्नु सक्नु भयो । युद्धवीर राणाले १६६५ सालदेखि नै साहित्यमा प्रवेश गरेका हुन् । उनका कथा कविता र नाटकहरू - युगरेखा, उषा, हाम्रो ध्वनि, ज्वाला, रत्नश्री इत्यादि उनका कृतिहरू हुन् । यी बाहेक धेरै पत्र-पत्रिकामा उनका सृजनाहरू प्रकाशित भएका छन् । 'चिहान नपाएका तकमाहरू' (लामो कविता)-ले राणालाई एकजना कविको रूपमा प्रतिष्ठित गराएका छन् ।*

यस्ता बलिया कविताले पाठकको फदयलाई आवश्य हुन्छ नै । कविता पनि अनेक विधिका हुन्छन् कति वाक्यका कविता हुन्छन् कति तर्कका कविता हुन्छन्, कति हावामा मृदु मुस्कानका कविता हुन्छन् । आ-आफ्ना रीति र थितिले कविताहरू लेखिन्छन्, मन पराइन्छन् । कवि राणाले सरल कुराकानीको नाटकीयभित्र हठात गम्भीर वैचारिकता पस्कन सक्छन् । युद्धवीर राणाका कविताहरूमा ब्यङग्य र आक्रोशहरू पनि पाइन्छ । युगका अभिव्यंजनाहरूको अभिव्यक्तिको साथमा अनुभव, विचार, दर्शन र राष्ट्रिय चेतनाका केही लक्षणहरू सुन्दर भाव र शैलीहरू बाटिएको पाइन्छ । उनका कविताहरू सबै पठनीय र मनन योग्य छन् । राणाले आफ्नो सृजनाहरूले नेपाली भाषा साहित्यलाई गच्छे अनुसारले निरन्तर सक्रिय रहेर योगदान पुश्याउने बहुप्रतिभाका धनी मान्न सकिन्छ । सन् १६५२ तिर दोनो कक्षाको छात्र छँदै बाल-कलाकारको रूपमा युद्धवीर राणालाई नाटकको मंचमा उभ्याउने व्यक्ति थिए डिगबोइका कलाकार स्व. लिलाराम राणा ।

सोही समयमा गुरूआमा पुष्प शाहीको निर्देशनमा उनले हास्य कलाकारको रूपमा आत्म-प्रकाश गर्ने मौका पाए । सन् १६५८ तिरदेखि डिगबोइ टोपला बस्तीको श्री श्री विष्णु मन्दिरको रंगमंचमा विभिन्न उपलक्ष्यमा नाटक खेलिन्थे । ती नाटकहरूमा युद्धवीर राणा कहिले नायक कहिले खलनायक त कहिले हास्य अभिनय गरेर दर्शकलाई मोहित पार्थे । स्व० हरिभक्त कटुवाल र भाविलाल लामिछानेका कति नाटकहरू यस प्रकार छन् - 'साहु', 'सीताहरण', 'रिहर्सल', 'बलिदान',- स्व० हरिभक्त कटुवालका नाटकहरू, 'रातका एक प्रहर:', 'एक टुक्रा जिन्दगी', 'पागल', 'लाहुरे भाई', 'तिहारको टीका' भविलाल लामिछानेका नाटकहरू स्व. लीलाराम राणा र पुष्पा शाहीको प्रेरणामा युद्धवीर राणा एकजना कुशल अभिनेताको रूपमा प्रतिष्ठित छन् ।

ललित कलामा पनि युद्धवीर राणाको कलिलो उमेरदेखिनै रूची थियो । रूखका ठूटा, हाँगा, जरा आदि काटेर, ताछेर विभिन्न प्रकारका आकृति बनाउँथे । त्यसरी नै माटोको मूर्ति, सिमेन्टको मुर्ति बनाउनमा पनि उनी सिपालु भए ।

चित्रकला, काष्ठकलामा राणाले निरन्तर साधनाको फलस्वरूप केही अमर सृष्टि सृजना गरेका छन् । डिगबोइ, दुलियाजान रामपुर पाठ गाउँ काठमाण्डौं आदिमा राणाले उनको ललितकला प्रदर्शन गरेर प्रशंसा कमाएका छन् । सन् १६६६ मा काष्ठकला प्रतियोगितामा राणा असमभित्रमा प्रथम भएका हुन् । २६.०६.२००२ मा डिगबोइ श्री श्री विष्णु मन्दिर परिसरमा भनुभक्त आचार्यको पूणांग शालिग अनावरण समारोह सम्पन्न भयो । यो कार्य सम्पन्न गराउनु भयो साहित्य अकादमीका उपसचिव डा. रणजीत शाहाले । युद्धवीर राणाद्वारा निर्मित यो शालिग असमवासी नेपालीहरूको अस्मिताको प्रतिक बनेको छ भने यसले समग्र कलाकार राणाको अद्भूत कलाकारिता इतिहासमा दृष्टि कर्मको हिसाबले साक्षी बनेर रहनेछ । यस्ता बहुआयामी प्रतिभाका धनी व्यक्तित्व साहित्यकार कलाकार, मूर्तिकार, नाटककार साँचो अर्थमा साहित्यका अनन्य साधक हुन्, एकजना अथक उपासक हुन् । यस्ता सर्जक श्री युद्धवीर राणाको साहित्य सृजना यात्रा निरन्तर प्रवाहमय बनिरहोस् । उनीभित्रको जुझारू, इमान्दार र साहित्य उध्यमी व्यक्तिलाई सँधै प्रणाम गर्छु, अशेष शुभकामना साथै सुस्वास्थ्य अनि दीर्घायुको कामना गर्दछु ।

**-समकालिन साहित्य डटकम**


तानसेन नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
तानसेन, पाल्पा
लुम्बिनी प्रदेश, नेपाल

**तानसेन नगरपालिकाको कर तथा शूल्क संकलन सम्बन्धी सिलबन्दी बोलपत्र आह्वानको सूचना**

**दोश्रो पटक प्रकाशित मिति : २०८०/०९/०७**

तानसेन नगरपालिकाको आन्तरिक आय तथा आय (ठेक्का बन्दोबस्त सम्बन्धी कार्यविधि २०८० को परिच्छेद २ दफा ३ बमोजिम ता.न.पा. वडा नं. ७ को वडा कार्यालय रहेको भवनको ११ वटा सटर आगामी ५ वर्ष सम्मको लागि भाडामा लगाउन ७ दिनको म्याद राखी यो बोलपत्र आह्वानको सूचना प्रकाशित गरिएको छ । योग्य, ईच्छुक संस्था/फर्म/कम्पनीले निर्धारित समय भित्र रित पुर्वक बोलपत्र पेश गर्नु हुन अनुरोध गरिन्छ ।

**१.** बोलपत्र चाहने फर्म/कम्पनीले यस कार्यालयबाट पछि फिर्ता नहुने गरी तोकिएका दस्तुर तिरी बोलपत्रफारम खरिद गर्न सकिने छ ।
**२.** बोलपत्र फारम खरिद गर्ने मिति : सूचना प्रकासित भएको मितिले ७ औं दिनको कार्यालय समय भित्र ।
**३.** सिलबन्दी बोलपत्र दाखिल गर्ने मिति : आ.व. २०८०/०८१ सम्मका लागि नविकरण भएको संस्था/फर्म/कम्पनीको इजाजतपत्र, स्थायी लेखा नम्बर/मुल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्र, २०७९/०८० सम्मको कर चुक्ता प्रमाणपत्रको प्रतिलीपि साथै खरिद भएको बोलपत्र साथ संलग्न गरी सूचना प्रकाशन भएको मितिले ८ औं दिनको १२ बजे सम्म । उक्त दिन सार्वजनिक बिदा परेमा सोको भोली पल्ट सोहि समय भित्र रितपूर्वक पेश गर्नुपर्ने छ ।
**४.** बोलपत्र खोल्ने समय : सूचना प्रकाशित भएको मितिले ८ औं दिनको २ बजे बोलपत्रदाता र कार्यालय प्रतिनिधिको रोहवरमा खोलिने छ । बोलपत्रदाता उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।
**५.** प्राप्त सिलबन्दी बोलपत्र स्वीकृत गर्ने/नगर्ने सम्पुर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ ।
**६.** बोलपत्र स्वीकृत भएमा सम्झौता पत्रमा हस्ताक्षर हुनु अगावै कबोल सटरभाडा अंकको ४ महिना बराबरको रकम धरौटी जम्मा गर्नुपर्ने छ ।
**७.** बोलपत्र स्वीकृत भै सम्झौता भए पश्चात चलन चल्ती गर्ने जिम्मा बोलपत्रदाताको हुने छ ।
**८.** ठेक्का स्वीकृत भै भोगचलन गरेपछि कुनै किसिमको मिनाहा छुट दिइने छैन ।
**९.** ठेक्का अवधि आगमी ५ वर्ष सम्म कायम रहने छ ।
**१०.** ठेक्का स्वीकृत भएका ठेकेदारले ठेक्का संझौता गर्नु अगावै पेश गर्नु पर्ने धरौटी वा अन्य कागजातहरु तोकिएको समय भित्र पेश नगरेमा निजको नामको ठेक्का तोडी क्रमश: दोश्रो, तेश्रो क्रमका बोलपत्रदातालाई ठेक्का सम्झौता गराईने छ ।
**११.** बोलपत्र दाखिला गर्दा कवोल गरेको अंकको ५% ले हुन आउने रकम धरौटी वापत रा.वा.बैंक पाल्पा शाखामा रहेको धरौटी खाता न. ३०३०१००३०३००००४ मा जम्मा गरेको सक्कलै बैंक भौचर पेश गर्नुपर्ने छ ।
**१२.** विस्तृत जानकारीको लागि कार्यालय समय भित्र तानसेन नगरकार्यपालिकाको कार्यालयमा सम्पर्क राख्न सकिने छ ।

**बोलपत्र विवरण**

| ठेक्का नं. | कामको विवरण | न्युनतम ठेक अंक रु. | बोलपत्र दस्तुर | कैफियत |
|---|---|---|---|---|
| ER/ 05/080/081 | ता.न.पा. वडा नं. ७ को वडा कार्यालय रहेको भवनको ११ वटा सटर भाडा | मासिक रु. ८८८०८। | रु. १०००।०० | बोलपत्र |

*तानसेन नगरपालिका कार्यालय*

**प्रथम मेयर कप रनिङ्ग शिल्ड T–20 क्रिकेट प्रतियोगिता सम्बन्धी सूचना**

**सूचना प्रकाशित मिति: २०८०/०९/०४**

तानसेन नगरपालिका, खेलकुद विकास समितिको आयोजना र जिल्ला क्रिकेट संघ, पाल्पाको व्यवस्थापनमा नगरस्तरीय प्रथम मेयर कप रनिङ्ग शिल्ड T–20 क्रिकेट प्रतियोगिता, २०८० सञ्चालन हुन लागेको जानकारी गराउँदछौं । 'स्वास्थ्यको लागि खेलकुद राष्ट्रको लागि खेलकुद' भन्ने राष्ट्रिय खेलकुदको मर्मलाई साकार पार्नुको साथै तानसेन नगर क्षेत्रको खेलकुद पर्यटनलाई उजागर गर्न, नगर क्षेत्रका युवाहरुलाई खेल क्षेत्रमा आकर्षित गर्न, खेलाडीहरुको भावना अनुरुप उनीहरुको हौसला अभिवृद्धि र क्षमता विकास गर्न, युवाहरुमा अनुशासन र राष्ट्रप्रेमको भावनामा वृद्धि गरी नगरको समृद्धिमा टेवा पुऱ्याउने उद्देश्यले यही पौष ७ गतेदेखि क्रिकेट प्रतियोगिता हुन लागेको सम्पूर्ण खेलाडी, खेलप्रेमी महानुभावहरुलाई सूचित गर्दछौं । खेलकुद विकासका लागि सबै क्षेत्रको हातेमालो आवश्यक रहेकाले प्रतियोगितामा उपस्थित भई खेलको गरिमा बढाई सहयोग गरिदिन सबैमा अनुरोध गर्दछौं ।

***(नोट: टुँडिखेल मैदानमा २०८० मंसिर २० गतेदेखि मंसिर २९ गतेसम्म फुटबल प्रतियोगिता भइसकेको छ भने पौष २७ देखी ब्याटमिन्टन प्रतियोगिता हुने छ ।)***

अनुरोधक
**नगर खेलकुद विकास समिति**
**तानसेन नगरपालिका, तानसेन पाल्पा**


## इच्छाविहीन जिन्दगी



*सूर्यनारायण एच पेलिस*
*म्याग्दे-६, तनहुँ*

पाइतलालाई सोध्छु
कता डोऱ्याउँदै छस्
खिसिक्क हाँस्छ छाती
आँखा अल्मलिएको देखेर
एक झोक्का हावा चल्छ
यत्तिकै खस्छ र फुट्छ
पर्खालको डिलबाट ।

भोड्काको खाली सिसी
रित्तिएको सिसीमा आँसु हुँदैन
शिकारीको जालोमा कठै एउटा सुँगा
अरु सबै उडेर जान्छन् ।

बथानमा उसका
आमा, बा, काका, मामा
थिए कि थिएनन् कुन्नि
ठुँड उघ्राएर ठुँग्न चाहिं आएनन् ।
मन ओछ्याउन
अनेक छ
शक्तिको रंगमञ्चमा
चलिरहन्छन् केही चलचित्रहरू
ब्ल्याक एण्ड ह्वाइटबाट थ्रीडी
निचोरिएको कागतीले
सिङ्गो डल्लो भएको सम्झ्यो
पत्रिका छापिएकै छन्

अक्षरका थुप्राहरूमा
युद्धभूमिका भग्नावषेश गुटमुटाएर
इच्छाविहीन मस्तिष्कमा
इतिहासको लामो पाठको के काम
समयको अनन्त सीमामा

हराउने एक दिनको पर्खाइमा
पर्खनुको कुनै मकसद छैन
केवल छ
इच्छाविहीन जिन्दगी
एक आदिम पहाडमा
आँखा मिच्दै
चियाउँदै
फुङ्ग-फुङ्ग उड्ने धुलोभित्र ।**-अनलाइन खबर डटकम**

# आजदेखी देशभर अझ चिसो बढ्ने

**पाल्पा,** पुस ६/देशभर दिन प्रति दिन चिसो बढ्दै गएको छ । तापक्रम घट्नेक्रममा रहेकाले आजदेखि अझ चिसो बढ्ने जल तथा मौसम विज्ञान विभागले जनाएको छ ।

चिसो बढेसँगै जल तथा मौसम विज्ञान विभागले चिसोबाट बच्न आवश्यक सुरक्षा एवं सर्तकता अपनाउन सबैमा आग्रह गरेको छ । विभागले देशका अधिकांश भूभागमा तापक्रम क्रमिक रूपमा घट्दै जाने सम्भावना रहेको हुनाले चिसोबाट बच्न आवश्यक सावधानी अपनाउनु सबैमा अनुरोध गरेको हो । महाशाखाका अनुसार काठमाडौँ उपत्यकासहित देशभरको तापक्रम घटेर चिसो बढेको छ । दिउँसो घाम लागेपनि बिहान र बेलुका बढी जाडो महसुस गरिएको छ । सबैभन्दा कम जुम्लामा माइनस दुई दशमलव आठ र जोमसोममा माइनस तीन दशमलव पाँच तापक्रम मापन गरिएको महाशाले उल्लेख गरेको छ । हाल नेपालमा पश्चिमी वायुको आंशिक प्रभाव रहेको छ । उक्त मौसमी प्रणालीका कारण अहिले आंशिक बदलीदेखि मौसम सामान्यतया सफा रहेको छ । दिउँसो देशभर आंशिक बदलीदेखि मौसम सामान्यतया सफा रहेको छ । रातिको समयमा कोशी, बागमती र गण्डकी प्रदेशका पहाडी भू-भागमा आंशिक देखि सामान्य बदली तथा बाँकी भू-भागमा आंशिक



बदली देखि मौसम सामान्यतया सफा रहने छ । पुस ७ गते आज प्रदेशको पहाडी भू-भागमा आंशिक देखि सामान्य बदली तथा बाँकी भू-भागमा आंशिक बदली देखि मौसम सामान्यतया सफा रहनेछ ।

सुदूरपश्चिम र कर्णाली प्रदेशका पहाडी भू-भागका एक/दुई स्थानमा हल्का वर्षाको सम्भावना रहेको महाशाखाले जनाएको छ । कोशी, गण्डकी, कर्णाली र सुदूरपश्चिम प्रदेशका उच्च पहाडी तथा हिमाली भू-भागका एक/दुई स्थानमा हल्का हिमपातको सम्भावना रहेको छ । चिसो मौसममा स्वास्थ्यको विशेष ख्याल राख्नुपर्छ । चिसोले शारीरिक कमजोरी भएका वृद्धवृद्धा, सडक बालबालिका, विस्थापित परिवार, घरबारविहीन परिवार, सडक मजदुरहरू बढी प्रभावित हुने गरेका छन् । चिकित्सकले अधिक चिसोबाट स्ट्रोकदेखि ज्वरो, श्वासप्रश्वास, घाँटीको समस्याले सताउने भएकाले जाडोमा शरीरलाई न्यानो राख्न आग्रह गर्दै आएका छन् । जाडोमा खासगरी हातखुट्टा, अनुहार, छाला फुट्ने, फुस्रो हुने हुन्छ । यसबाट बच्न कोल्ड क्रिमको प्रयोग गर्न सकिन्छ । जाडो मौसम सुख्खा हुने भएकाले बाहिर धुलो उड्ने र जीवाणुको प्रसारण पनि छिटो हुन्छ ।

# ‘किसानसँग कृषि प्राविधिक’ कार्यक्रमले किसान लाभान्वित

**वालिङ (स्याङ्जा),** पुस ६/स्याङ्जाको गल्याङ नगरपालिकाले किसानसँग कृषि प्राविधिक कार्यक्रम सञ्चालन गरेसँगै यहाँका किसान लाभान्वित भएका छन् । नगरपालिकाका ११ वटै वडाका गाउँगाउँमा जनप्रतिनिधिसहित कृषि प्राविधिक पुगेर प्राविधिक सेवा तथा परामर्श दिएका हुन् ।


नगरप्रमुख गुरुप्रसाद भट्टराईका अनुसार गत असोजको अन्तिम सातादेखि सुरु भएको उक्त अभियान मङ्सिरको अन्तिम साता सकिएको हो । गाउँमा रहेका सामान्य किसानलाई पालिकाको कृषि र पशु शाखाको सेवा र सुविधासँग जोड्ने उद्देश्यसहित अभियान सञ्चालन गरिएको नगर प्रमुख भट्टराईले बताए । ‘गाउँमा कृषि कर्म गरेर बस्नुभएका किसानका समस्याको घरमै पुगेर समाधान गर्ने र उनीहरूलाई नगरपालिकासँग जोड्नका लागि दुई महिनासम्म यो अभियान सञ्चालन गर्‍यौं’, भट्टराईले भने, ‘वास्तविक किसानको पहुँच पालिकासम्म विस्तार गर्न तथा कृषकको गुनासो सुन्नका लागि यो अभियान प्रभावकारी रह्यो ।’ उनका अनुसार एघार वडाका ६१ गाउँका चार हजार एक सय ८७ कृषक लाभान्वित भएका हुन् । स्थानीयस्तरका कृषि कार्यक्रम तथा योजनामा सीमित वर्गका व्यक्तिको मात्रै पहुँच पुग्ने तर वास्तविक




किसानको पहुँच नगरसम्म आई नपुगेकाले किसानसँग कृषि प्राविधिक कार्यक्रम सञ्चालन गरिएको नगरप्रमुख भट्टराईले बताए । निर्वाहमुखी कृषि तथा पशुपालनलाई व्यावसायिकता तर्फ उन्मुख गराउन यसले सहयोग पुग्ने उनको विश्वास छ । किसानका समस्या तथा गुनासा गाउँमै पुगेर टिपोट गरेकाले आगामी दिनमा नीति तथा कार्यक्रम बनाउँदा अझै प्रभावकारी हुने उपप्रमुख हेमा न्यौपानेले बताइन् । उनका अनुसार कृषकले गुणस्तरीय बीउ बिजनमा पहुँच नभएको, निजी एग्रोभेटबाट प्राविधिकसहित बीउ र विषादीको भर पर्दै आइरहेको, खेतीपाती तथा पशुपालनबाट अपेक्षाकृत आम्दानी हुन नसकेको, बालीनाली बाँदरले क्षति पुऱ्याउने गरेकोलगायत गुनासा र समस्या जनप्रतिनिधिका साथै कृषि तथा पशु प्राविधिकमाझ राखेका थिए । गाउँमै पुगेर कृषकका समस्या तथा गुनासो सुनेर उनीहरूलाई प्राविधिक सहयोग तथा परामर्श प्रदान गरिएको पशु शाखा प्रमुख सुशील अर्यालले बताए । नगरपालिका कार्यालयले किसानका समस्याको पहिचान गरी समाधान गर्नुकासाथै नियमित सम्पर्कमा राख्दै पहुँच विस्तारमा सहयोग पुग्ने उनले बताए ।-**रासस**

## खेलकुद समाचार

# महिला क्रिकेटमा एपीएफको सानदार जित



**काठमाडौं,** पुस ६/प्रधानमन्त्री कप महिला राष्ट्रिय क्रिकेटमा एपीएफले मधेश प्रदेशमाथि १० विकेटको सानदार जित हात पारेको छ । त्रिवि क्रिकेट मैदानमा जितका लागि पाएको ४१ रनको सामान्य लक्ष्य एपीएफले बिना क्षति छैटौं ओभरमा भेट्टायो । एपीएफका सीता राना मागर १९ र ज्योति पाण्डे १६ रनमा नट आउट रहे ।

यसअघि पहिला ब्याटिङ गरेको मधेशका खेलाडी एपीएफका बलरसामु निरिह सावित भएका थिए । मधेशले १९.२ ओभरमा अल आउट हुनु अघि ४० रन मात्र बनाएको थियो ।

मधेशका लागि सबैभन्दा धेरै प्रतिमा साहले १५ रन बनाइन् । बलिङतर्फ एपीएफकी कप्तान सिता राना गमरले २.२ ओभर बलिङ गर्दै मात्र २ रन दिएर ३ विकेट लिइन् । यस्तै रेखा रावलले ४ ओभरमा ४ रन दिँदै २ तथा सुमन विष्टले ३ ओभरमा ४ रन दिँदै २ विकेट नै लिइन् । आफ्नो पहिलो खेलमा सुदूरपश्चिमलाई हराएको एपीएफको यो लगातार दोस्रो जित हो । मधेश भने पहिलो खेलमा बागमती प्रदेशसँग पराजित भएको थियो ।

**वर्गिकृत डिस्ले**

**१X५ साइजमा मात्र**

**वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।**

**सम्पर्क: ०७५-५२०६०१**

## कर्पोरेट/अर्थ समाचार

# ग्लोबल बैंकले ल्यायो घर कर्जा योजना




**पाल्पा,** पुस ६/ग्लोबल आइएमई बैंक लिमिटेडले एकल अंकमा आधारित न्यूनतम् ब्याजदरमा १२ करोडसम्म कर्जा सिमा भएको विशेष घर कर्जा योजना ल्याइको छ । बैंकले सस्तो तथा सरल किस्ताबन्दीमा घर निर्माण तथा खरिदलाई लक्षित गरी विशेष योजना ल्याएको हो ।

साथै, उक्त विशेष घर कर्जा योजना अन्तर्गत अन्य बैंक वित्तीय संस्थाबाट कर्जा उपभोग गरिरहेका महानुभावहरुले सहज रुपमा कर्जा सार्न सक्नेछन् । यस विशेष घर कर्जा योजना अन्तर्गत सेवाग्राहीले ५ वर्षसम्मको अवधिका लागि ९.९९ देखि १०.९९ प्रतिशत, ५ देखि १० वर्षसम्मको लागि १०.९९ देखि ११.४९ प्रतिशत र १० वर्षभन्दा बढिको अवधिका लागि ११.४९ देखि ११.९९ प्रतिशत निश्चित तथा स्थिर ब्याजदरमा रु. १२ करोड रुपैयाँसम्म कर्जा लिन पाउनेछन् । बैंकले ग्राहकलाई छिटो, छरितो एवंम सहज रुपमा कर्जा प्रवाह गर्ने उद्देश्यमा निहित रही आवश्यक कागजातहरु पेश गरेको ३ कार्य दिन भित्र बिना झन्झट कर्जा प्रवाह गर्नेछ । ग्राहकहरुले देशैभरका ७७ वटै जिल्लामा फैलिएको बैंकका ३५५ वटा शाखाहरुबाट यो सुविधा उपभोग गर्न सक्नेछन् । बैंकले सिमित अवधिको लागि ल्याइएको यस योजनाबाट लाभ लिन सम्बन्धित सबै पक्षहरुलाई अनुरोध गरेको छ । आफ्ना ग्राहकको सुविधालाई मध्यनजर गर्दै बैंकले वर्षेनी यस्तो सरल दरमा सहज किसिमको कर्जा योजना ल्याउने गरेको छ । बैंकले ३५५ शाखा, ३७६ एटीएम, २७४ शाखा रहित बैंकिङ सेवा, ६५ एक्सटेन्सन तथा राजश्व संकलन काउन्टर तथा ३ वटा वैदेशिक प्रतिनिधि कार्यालयसमेत गरी १,१०० भन्दा बढी सेवा केन्द्रबाट ४६ लाख भन्दा बढी ग्राहकहरुमाझ उत्कृष्ट सेवा प्रदान गरिरहेको छ ।

यसका मुलुकका ७७ वटै जिल्लामा शाखा सञ्जाल रहेको छ । निजी क्षेत्रको पहिलो वाणिज्य बैंक हो । बैंकले संयुक्त राज्य अमेरिका, संयुक्त अधिराज्य, क्यानडा, अष्ट्रेलिया, मलेसिया, दक्षिण कोरिया, जापान, साउदी अरेबिया, कतार, युएई, बहराइन, कुवेत, भारत, जोर्डन, हङकङ लगायतका मुलुकबाट रेमिट्यान्स भित्र्याउँदै देशको अर्थ व्यवस्थामा महत्वपूर्ण योगदान पुऱ्याउँदै आइरहेको छ ।

**मनको आवाज............**

**‘नाम पनि यूनिक, काम पनि यूनिक’**

**यूनिक एफ.एम. ९४.२ मेगाहर्ज**

**विज्ञापनको लागि सम्पर्क :**
**यूनिक शोसियल कम्यूनिकेशन प्रा.लि.**
**तानसेन, पाल्पा**
**०७५-५२१८६४, ५२१८६६**
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

**हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।**




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:भगवतीटोल-३,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com,jagdish_sfm@yahoo.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १८/०५१/०५२ प्रबन्ध संचालक : इन्द्रा भट्टराई, सम्पादक:जगदीशप्रसाद भट्टराई